प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपंक्षी तथा मत्स्य बिकास निर्देसनालय
प्रदेश नं.१

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,
# ओखलढुंगा, सम्पर्क कार्यलय सोलुखुम्बु

फोन नं.०३७-५२०२१०
Email:vhlsokhaldhunga@gmail.com

## प्रस्ताव आह्वानको सूचना

**सूचना नं.१/२०७७/०७८**

**प्रथम पटक प्रकाशित मिति : २०७७/०६/०५**
**प्रस्ताव पेश गर्ने अन्तिम मिति : २०७७/०६/१९**

यस कार्यालयको आ.व.२०७७/०७८ को बार्षिक लक्ष्य अनुसार देहाय बमोजिमको कार्यक्रमहरु कार्यान्वयनका लागि कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यबिधि २०७६ ले तोके बमोजिमका शर्तहरु पालना गरी **सोलुखुम्बु जिल्लाका** लागत साझेदारी गर्न ईच्छुक आवेदकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय सम्ममा प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समाबेस हुन नसक्ने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ । थप जानकारीका लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ओखलढुंगाको फोन **नं.०३७-५२०२१०, ०३७-५२०५९८ र ०३८-५२०१०३** मा सम्पर्क गर्नुहुन वा भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. १ बिराटनगरको वेबसाइट **www.molmac.p1.gov.np** बाट **कृषि ब्यवसाय प्रबर्द्धन अनुदान कार्यविधि-२०७६** डाउनलोड गरी थप जानकारी लिन सक्नु हुनेछ । एउटै प्रकृतिका कार्यक्रमको लागि भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. १ र सो अन्तर्गतका कुनै पनि निकायहरुवाट अनुदान प्राप्त गरेका ब्यवसायी वा संघ/संस्थालाई ३ बर्ष सम्म अनुदान प्राप्त हुने छैन ।

**कार्यक्रम बिवरण :**

| क्र.स. | कार्यक्रमको नाम | कार्यक्रम संख्या | अनुदान रकम रु. | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदार निकायहरु | कै. |
|---|---|---|---|---|---|
| १ | बाखाको बृहतर पकेट प्याकेज कार्यक्रम | १ पकेट क्षेत्र | कुल लागतको ७५ प्रतिशत वा बढिमा २० लाख प्रति पकेट । | कृषि/पशु पालनमा आबद्ध सहकारी संघ/संस्था, बाखा पालन ब्यवसायीक संघ/संस्था र कृषक समुह/समिति | |
| २ | ब्यवसायिक बाखा फार्महरुलाई गोठ/खोर निर्माण तथा जैविक सुरक्षा सुदृढिकरण सुधारमा अनुदान | ४ संख्या | कुल लागतको ७५ प्रतिशत वा बढिमा २ लाख प्रति फार्म | निजी, सामुहिक वा सहकारी ब्यवसायिक बाखा पालन फार्महरु | |

**प्रस्तावका साथ संलग्न हुनुपर्ने आवश्यक कागजातहरु :**

१.रु. १० को हुलाक टिकट टाँस गरिएको ढाँचा बमोजिमको आवेदन पत्र
२.नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी
३.फार्म दर्ता प्रमाण पत्रको प्रतिलिपी
४.पछिल्लो पटकको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी
५.भ्याट/पान नम्वरको प्रतिलिपी
६.समुह/सहकारी/संस्था संचलक समितिको निर्णय प्रतिलिपी एवं संचालक समितिका पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी अनिवार्य
७.यदि जग्गा भाडामा भए मालपोत तिरेको रसिद सहित कम्तिमा १० बर्ष करार सम्झौता गरेको कागजात ।
८.एकाघर परिवारको सदस्यको नामको जग्गा भए मालपोत तिरेको रसिद सहित मन्जुरीनामा पत्र ।
९.स्थानिय तहको पशु सेवा शाखाको सिफारिस पत्र ।
१०.सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
११.समान प्रकृतिको अनुदान नलिएको स्वघोषण पत्र ।
१२.कार्यक्रम संचलनका लागि तोकिएको ढाँचा बमोजिमको प्रस्तावति कार्य योजना सहित सफा फायलमा संलग्न राखी पेश गर्नुपर्नेछ ।

२०७७/०६/०५
मोहन बहादुर गुरुङ
प.चि. अधिकृत आठौं तह
नि. कार्यालय प्रमुख

**नोट :**

- अनुदान संग सम्बन्धित तोकिएको ढाँचा अनुसारको फर्मेटहरु सम्बन्धित कार्यालय वा सम्पर्क कार्यालयबाट उपलब्ध गराईनेछ ।
- कृषि/पशु पालनमा आबद्ध सहकारी संघ/संस्था, बाखा पालन ब्यवसायीक संघ/संस्था, कृषक समुह/समिति तथा निजी, सामुहिक वा सहकारी ब्यवसायिक बाखा पालन फार्महरु यो सूचना प्रकाशित भएको मिति भन्दा अगावै सन्बन्धित निकायमा अनिवार्य दर्ता भै संचालनमा रहेको हुनुपर्ने छ ।

थप जानकारीका लागि पशु बिकास अधिकृत श्री भिमलाल तामाङ्गको सम्पर्क नं.९७४३०२२२८६ मा सम्पर्क गर्न सक्नुहुनेछ ।